नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
योजना तथा अनुगमन महाशाखा
भू-वातावरण तथा सामाजिक शाखा

फ्याक्सः ५५२९१०६
फोन नं. ५००५५२०
हाल चाकुपाट, ललितपुर
ई-मेलः gesunit@dor.gov.np
वेव साइटः www.dor.gov.np

चलानी नं-३४६/२.२.२/०७५/७६ मिति :-२०७५/१२/०७

श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, ईटहरी, सुनसरी ।

श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, बबरमहल, काठमाण्डौं ।

श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, पार्दी, पोखरा ।

श्री संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, विरेन्द्रनगर, सुर्खेत ।

विषयः जानकारी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वातावरण तथा सामाजिक शाखाको प.सं.०७५।०७६।२.३ च.नं.८९३ मिति २०७५।११।२६ को पत्र साथ संलग्न गरिएको श्री वन तथा वातावरण मन्त्रालय, वातावरण तथा जैविक विविधता महाशाखाको मिति २०७५।११।१३ च.नं. ८८४ को पत्रानुसार नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको मा. मन्त्रीस्तरको मिति २०७५।११।०८ को निर्णयानुसार स्वीकृत भएको नेपाल स्वच्छ वातावरण महाअभियान २०७५ अर्न्तगत हरियाली प्रबर्द्धन योजना (पाना ५) प्राप्त भयो । सो स्वीकृत हरियाली प्रवर्द्धन योजना कार्यान्वयनको लागि तहाँ कार्यालहरुबाट आवश्यक समन्वय एवं सहयोग गरिदिनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

मनोज अर्याल
वातावरण निरीक्षक

मनोज अर्याल
वातावरण निरीक्षक

Scanned by CamScanner

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
(वातावरण तथा सामाजिक शाखा)

URL : www.moppw.gov.np
email : info@moppw.gov.np
फोन नं. ४२११८८०
४२११९३१
४२११६५५
फ्याक्स नं. ४२११७२०
सिंहदरबार, काठमाडौं,
नेपाल।

योजना तथा अनुगमन महाशाखा
दर्ता नं. ..9494..
मितिः 0621921.9.....

पत्र सख्यां : ०७५।०७६।२.३
चलानी न.: ८९३

मिति : २०७५/११/२६

विषय : जानकारी सम्बन्धमा ।

श्री सडक विभाग,
पुल्चोक, ललितपुर ।
श्री रेल विभाग,
विशालनगर, काठमाण्डौ ।
श्री यातायात व्यवस्था विभाग,
मीनभवन, काठमाण्डौ ।

सडक विभाग
भू-वातावरण तथा सामाजिक शाखा
दर्ता न. 9082
मिति : 0.75/12/3

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
मुल दर्ता नं. 5828
मिति: 75/11/30

उपरोक्त विषयमा, श्री वन तथा वातावरण मन्त्रालय, वातावरण तथा जैविक विविधता महाशाखाको, मिति २०७५/११/१३, च. नं.८८४ को हरियाली प्रवर्द्धन योजना कार्यान्वयनमा समन्वय एवं सहयोग पुऱ्याउने सम्बन्धमा प्राप्त भएको पत्र आवश्यक कार्यार्थका लागि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

2075
11/26

(शोभा भण्डारी)
समाजशास्त्री

श्री यो + अ महाशाखा, GESU

12/01

श्री मनोज डी
सबै डिभिजन सुपरीवेक्षण कार्यालयलाई
जानकारी गराउनू
075-12-3

Scanned by CamScanner

योजना महाशाखा
द.नं. 9000
मिति 99/96

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

## वातावरण तथा जैविक विविधता महाशाखा

EX: पो· ब· नं· ३९८७
सिंहदरबार, काठमाडौं

संख्या : वा.प्र.अ.शा.-२६९-२०७५/०७६
चलानी नं 6८8
प्त पत्र संख्या र मिति :

मिति : २०७५/११/१३

विषय : हरियाली प्रबर्द्धन योजना कार्यान्वयनमा समन्वय एवं सहयोग पुऱ्याउने सम्बन्धमा ।

दर्ता मिति 3859
99/98

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

प्रस्तुत विषयमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको मा. मन्त्रीस्तरको मिति २०७५/११/०८ को निर्णयानुसार स्वीकृत भएको नेपाल स्वच्छ वातावरण महाअभियान २०७५ अन्तर्गत हरियाली प्रबर्द्धन योजना यसै साथ संलग्न राखी पठाईएको छ । स्वीकृत हरियाली प्रबर्द्धन योजना कार्यान्वयनको लागि ताँहा मन्त्रालयबाट आवश्यक समन्वय एवं सहयोग गरिदिनु हुन निर्णयानुसार अनुरोध गर्दछु ।

-----------------------------------
सुभाष कुमार शर्मा
सहायक वन अधिकृत

श्री स.स. योजना अनुगमन
तथा मूल्याङ्कन महाशाखा

99/96

99/98

Scanned by CamScanner

# नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५
## हरियाली प्रबर्द्धन योजना
(Nepal Clean Environment Mega Campaign, 2075
Greenery Promotion Scheme)

### १. आरम्भ

नेपालको संविधानद्वारा प्रत्याभूत गरिएको वातावरणीय स्वच्छता र दिगोपनाको अवधारणा अनुरूप निर्माण गरिने यस विषयसंग सम्बन्धित नीति, कानून, योजना, कार्यक्रम र अन्य संस्थागत तर्जुमा र प्रबन्ध यही संवैधानिक सिद्धान्तले मार्गनिर्देशित हुने विषय हुन् । संविधान अन्तर्गतको धारा ३० मा स्वच्छ वातावरण सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ । जसअनुसार प्रत्येक नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकमार्फत प्रत्याभूत गरिएको छ । वातावरणीय ह्रास वा प्रदूषणबाट हुने क्षति बापत प्रदूषकले क्षतिपूर्ति भरण गर्नुपर्ने व्यवस्था पनि संविधानले गरेको देखिन्छ । यसैगरी राज्यले लिनुपर्ने नीतिगत व्यवस्थाहरू अन्तर्गत संविधानको धारा ५१ को खण्ड (छ) मार्फत जैविक विविधता, वनस्रोत, वातावरण लगायत प्राकृतिक स्रोतसाधनको संरक्षण, संबर्द्धन र व्यवस्थापनको विषयमा राज्यलाई मार्ग दर्शन समेत गरेको छ ।

यिनै संवैधानिक व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि संविधानले व्यवस्था गरेकै प्रावधान अनुरूप नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा सरकारहरू कृयाशील रहेका छन् ।

वन तथा वातावरणको क्षेत्रमा कार्य सम्पादन गर्ने जिम्मेवारी संघमा वन तथा वातावरण मन्त्रालयलाई प्रदान गरिएको छ भने सातै प्रदेशमा यो जिम्मेवारी पूरा गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सिर्जना गरिएको छ । आवश्यकता अनुसार स्थानीय तहका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरुमा वन, वातावरण हेर्ने महाशाखा, शाखाहरुको व्यवस्था समेत गरिएको छ । आर्थिक वर्ष २०७५/०७६ देखि बजेट विनियोजन यिनै संरचनामार्फत कार्यान्वयन गर्नेगरी व्यवस्था समेत मिलाइएको छ ।

जनसंख्याको बढ्दो चाप, अनियन्त्रित र अव्यवस्थित बसाइँसराइँ र शहरीकरण, सवारी साधनहरूको अव्यवस्थित नियमन र परिचालन, बढ्दो जलीय, थलीय र वायु प्रदूषण जस्ता कारणहरुले गर्दा नेपालको वातावरण खासगरी शहरी क्षेत्रको वातावरण दिनानुदिन बिग्रिरहेको छ । मानवीय विकासका आवश्यकताहरू पूरा गर्नको निमित्त वन, जैविक विविधताका क्षेत्रहरुमा दैनन्दिन चाप बढीरहेको छ । जलवायु परिवर्तनका असरहरुले गर्दा विभिन्न खालका वातावरणीय दुष्परिणाम देखिन थालेका छन् । समग्रमा भन्दा अन्य क्षेत्रको तुलनामा नेपालको शहरी क्षेत्रको जनजीवन वातावरणीय ह्रासका कारणले विभिन्न दुष्परिणाम सिर्जना हुनगई कष्टकर बन्दै गरेको छ ।

Scanned by CamScanner

यिनै वातावरणीय स्वच्छताको विषयमा देखिएका समस्याहरूको निराकरण गर्ने उद्देश्यले नेपाल सरकारले आर्थिक वर्ष २०७५/७६ मा स्वच्छ वातावरण महाअभियान, २०७५ को रुपमा कार्यक्रम कार्यान्वयन गर्ने गरी विभिन्न कार्यक्रमहरु घोषणा समेत गरेको अवस्था छ । यसको निमित्त अलग्गै वजेटको व्यवस्था गरी वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वातावरण विभाग मार्फत सो वजेटको कार्यान्वयनको व्यवस्था समेत मिलाइएको छ ।

उल्लेखित महाअभियान अन्तर्गत मूलतः चारवटा क्षेत्रमा विविध कृयाकलापहरु संचालन भइरहेका छन् । यस अन्तर्गत सरसफाई तथा फोहरमैला व्यवस्थापन, प्रदूषण नियन्त्रण, हरियाली प्रवर्द्धन र सचेतना अभिवृद्धि रहेका छन् । यी ४ ओटा विषयगत क्षेत्रमध्ये हरियाली प्रवर्द्धन गर्ने विषयलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्ने उद्देश्यले यो योजना पत्र तयार गरिएको हो ।

## २. उद्देश्य

मूलतः नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५ ले लिएको हरियाली प्रवर्द्धनको विषयलाई व्यवस्थित र प्रभावकारी तुल्याउनु नै यस योजना पत्रको मुख्य उद्देश्य हो । खासगरी यसका विशिष्टिकृत उद्देश्यहरु निम्नानुसार रहेका छन्:-

१. नेपाल भरिमा मुख्यतः शहरी क्षेत्रमा रहेका सडक र नदी किनारहरू, अन्य खाली क्षेत्रहरुको यकीन गरी वृक्षारोपण गरिने क्षेत्रको तथ्यांक तयार गर्नु,

२. आर्थिक वर्ष २०७५/७६ मा उपलब्ध हुनसक्ने रोपण योग्य विभिन्न प्रजातिहरुको विरूवाको यकीन तथ्यांक तयार पार्नु

३. वृक्षारोपणको लागि आम समुदायको संलग्नता गराउने योजना बनाउनु ।

४. वृहत रुपमा यस आर्थिक वर्षमा वृक्षारोपण कार्य संचालन गर्नु र त्यस्ता वृक्षारोपण गरिएका वृक्षारोपण क्षेत्रहरु र विरूवाहरूको संरक्षणको व्यवस्था मिलाउनु ।

## ३. कृयाकलापको पहिचान र परिचालन

### ३.१ रोपण योग्य विरूवाहरूको विवरण तयार

विरूवाहरुको विवरण देहाय अनुसार तयार गरिनेछ:

-सौन्दर्य प्रवर्द्धन गर्ने

-फलफूल

-जडिबुटी

-अन्य काष्ठ तथा गैहकाष्ठ प्रजाति

उल्लेखित विरूवाहरुको विवरण तयार गरी तथ्यांक पेश गर्नको लागि वन तथा भू-संरक्षण विभाग तथा सातै प्रदेश अन्तर्गतका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई जिम्मेवारी तोक्ने । यस्तो विवरण आगामी २०७५ चैत्र मसान्तसम्म तयार गरिसक्ने ।

### ३.२ वृक्षारोपण क्षेत्रको यकीन विवरण तयार गर्ने

यसको लागि बिरूवाको विवरण तयार गर्ने जिम्मेवारी तोकिएका निकायहरुलाई वृक्षारोपण गर्न सकिने यकीन क्षेत्रहरु जस्तै नदी तथा सडक किनाराहरू, खालीपर्ति जग्गाहरु, कार्यालय परिसर जस्ता क्षेत्रहरूको विवरण तयार गरी २०७६ वैशाख, १५ भित्रमा पेश गर्न जिम्मेवारी तोक्ने ।

### ३.३ विभिन्न संघसंस्था तथा निकायहरुसंग समन्वय गर्ने

उल्लेखित तथ्यांक प्राप्त भइसकेपछि वृक्षारोणको कार्यलाई वृहत अभियानको रुपमा सञ्चालनको लागि वित्तीय, प्राविधिक लगायतका सहयोग जुटाउन विभिन्न संघसंस्थाहरूसंग समन्वय गर्ने । प्रस्तुत कार्यको लागि वातावरण विभागलाई मुख्य जिम्मेवारी तोक्नुपर्ने । यस अन्तर्गत समन्वय गर्ने निकाय निम्न अनुसार रहनेछन्:

१. नेपाल सरकारका बिभिन्न मन्त्रालयहरू
२. विभिन्न विभागहरु/समिति/संस्थान/प्रकृति संरक्षण कोष
३. प्रदेशस्थित उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयहरु
४. महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरु
५. नेपाली सेना
६. नेपाल प्रहरी
७. सशस्त्र प्रहरी बल
८. शैक्षिक संस्थाहरु
९. उद्योग वाणिज्य महासंघ र संघहरु
१०. व्यवसायिक संगठनहरु (वन पैदावार व्यवसायी लगायत)
११. डब्लु डब्लु एफ, इसिमोड, आइयुसिएन, जेडएसएल लगायतका विकास साझेदारहरू
१२. वागमती सफाई अभियन्ता लगायत अन्य अभियन्ताहरू
१३. इको क्लब लगायत बिभिन्न क्लव, जेसिस जस्ता संघसंस्थाहरु
१४. अन्य सम्बद्ध संघसंस्थाहरु

### ३.४ वृक्षारोपणको महत्त्व बोध गराउने सन्देशमूलक र जनचेतना अभिवृद्धि गर्ने प्रचारात्मक कृयाकलापहरु

वातावरण संरक्षण, संवर्द्धन र व्यवस्थापनमा सबै जनसमूहहरुको जागरण र सहभागिता महत्तपूर्ण आधार भएकोले जनचेतना अभिवृद्धिका विभिन्न सन्देशमूलक कृयाकलाप परिचालन गर्नु यस सन्दर्भमा महत्वपूर्ण हुन्छ । मूलतः वृक्षारोपण कार्यको राष्ट्रिय अभियानमा समाजका सबै क्षेत्र र वर्गका नागरिकहरुको प्रभावकारी सहभागिता प्राप्त गर्न प्रचारात्मक कार्यले ठूलो भूमिका खेल्दछ । त्यसैहुँदा प्रभावकारी रुपमा वृक्षारोपणको महत्व दर्शाउने एबम् बोध गराउने खालका

कृयाकलाप परिचालन गर्नु पर्दछ । यसका लागि वातावरण विभागले यस विषयमा निम्न कृयाकलापहरुको व्यवस्थापनको जिम्मेवारी लिनु पर्दछ:

१. वृक्षारोपणको महत्व दर्शाउने विभिन्न प्रतियोगिता सञ्चालन गर्ने/गराउने जस्तै विद्यालय, क्याम्पस स्तरीय कविता, निबन्ध, गीत, नाटक, चित्रकला प्रदर्शनी जस्ता कृयाकलापहरु ।
२. यससंग सम्बन्धित रेडियो, टिभी सम्वाद कार्यक्रम ।
३. वृक्षारोपणको महत्व जगाउने प्रभातफेरि, दौड, साइकल र्‍याली प्रतियोगिता ।
४. वृक्षारोपण विषयका छोटाछोटा टिभी विज्ञापन, डकुमेन्ट्री तयारी र प्रसारण कार्यक्रम ।
५. बुकलेट, पम्प्लेट, डायरी जस्ता प्रकाशनहरु (वन, वातावरण र वृक्षारोपण विषयका) ।
६. क्याप, टिसर्ट तयारी र वितरण (वन, वातावरण र वृक्षारोपण विषयका) ।

## ४. साझेदारीताको निर्माण

स्वच्छ वातावरणको प्रत्याभूति गर्ने कार्य सरकारको एकल प्रयास एवम् प्रयत्नले मात्र हासिल हुने विषय होइन । सरकार, सामुदायिक संघसंस्थाहरु, निजी क्षेत्र र व्यक्तिगत रूपमा सबैको साझा जिम्मेवारी र दायित्व वहनबाट मात्र मुलुकको वातावरणीय क्षति र ह्रासलाई न्यून गरी स्वस्थ्य एवम् स्वच्छ वातावरण कायम गर्न सकिन्छ । यसो हुँदा माथि उल्लेख गरिएका निकायहरू र अन्य संबद्ध संघसंस्थाहरुको सहकार्य र साझेदारिता निर्माण गरी नेपाल स्वच्छ वातावरण महाअभियान, २०७५ ले लिएका लक्ष्यहरुलाई सफल तुल्याउनु पर्ने आवश्यकतालाई ध्यान दिएर यस पुनित कार्यमा खाँचो पर्ने वित्तीय, प्राविधिक, मानवीय र अन्य सहयोग सबै क्षेत्रबाट अपेक्षित नै रहन्छ ।

## ५. डिभिजन वन कार्यालयहरुको भूमिका

यस योजनाद्वारा लिइएको वृहत वृक्षारोपणको अभियानको प्रभावकारी कार्यान्वयनमा संस्थागत संरचना तथा कार्यसम्पादनको जिम्मेवारीका आधारमा सबै डिभिजन वन कार्यालयहरुको भूमिका महत्त्वपूर्ण रहन्छ । माथि भनिए अनुसारका विविध प्रजातिका गुणस्तरीय बिरूवाहरुको तयारी र व्यवस्थापन, वृक्षारोपण क्षेत्रको यकीन विवरण, वृक्षारोपण कार्य सञ्चालन र वृक्षारोपण क्षेत्रको संरक्षण र व्यवस्थापन जस्ता सबै कार्यमा डिभिजन वन कार्यालयहरुको प्रमुख जिम्मेवारी र भूमिका हुनेहुँदा यो अभियानमा यी कार्यालयहरुले देहाय अनुसारको कार्य सम्पादन प्रभावकारी रूपमा सञ्चालन गर्नु पर्दछ:

१. माथि उल्लेख गरिए अनुसार वृक्षारोपण क्षेत्रको यकीन विवरण तयार गरी प्रदेश स्थित सम्बद्ध मन्त्रालयमा पेश गरी सोको जानकारी वन तथा भू-संरक्षण विभागमा समेत दिने ।
२. त्यस्तै माथि भनिए अनुसारका प्रजातिका गुणस्तरीय बिरूवाको यकीन विवरण तयार गरी प्रदेश स्थित सम्बद्ध मन्त्रालयमा पेश गरी सोको जानकारी वन तथा भू-संरक्षण विभागमा समेत दिने ।



Scanned by CamScanner

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

३. जिल्लास्थित माथि उल्लेख गरिएका विभिन्न संघसंस्थाहरुसंग समन्वय गरी आवश्यक सहयोग र समन्वय जुटाउने ।

४. अन्य संघसंस्थाहरुले गर्ने वृक्षारोपण कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने ।

५. वृक्षारोपणको कार्य सञ्चालन गर्ने/गराउने

६. रोपण गरिएका वृक्षारोपण क्षेत्रको संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गर्ने/गराउने ।

## ६. आवश्यक निर्णय

माथि उल्लेख भए अनुसारको वृक्षारोपण अभियानलाई सफल तुल्याउनको लागि निजामती, जंगी, प्रहरी/सशस्त्र प्रहरी, समिति, संस्थान, शैक्षिक संघस्थाहरू सबैमा कार्यरत कर्मचारी, प्रध्यापक, शिक्षकहरुले यस आर्थिक वर्षमा कम्तीमा २ (दुई) वटा बिरूवा रोपण गर्ने गरी नेपाल सरकारबाट निर्णय भइ सोको कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयहरु मार्फत् आवश्यक व्यवस्था मिलाउनु पर्ने आवश्यकता देखिन्छ । यसको अतिरिक्त रोपण गरिएको वृक्षारोपण क्षेत्रको संरक्षण र व्यवस्थापनको लागि स्थानीय तहका कृयाशिल सरकारी संगठन, स्थानीय समूह, क्लव जस्ता संघसंस्थाहरुलाई जिम्मेवारी दिने निर्णय समेत हुनुपर्ने देखिन्छ ।

## ७. निष्कर्ष

वातावरणीय क्षति र विनासको कष्टकर अवस्थालाई न्यूनीकरण गर्दै स्वस्थ्य र स्वच्छ वातावरण कायमका लागि माथि पेश भए अनुसारका योजना र कार्यक्रमलाई प्रभावकारी वनाउन सकिएमा यस कार्यक्रम मार्फत खासगरीकन शहरी क्षेत्र वरपरका नदी तथा सडक किनारहरू, खाली जग्गा र पार्क क्षेत्र, कार्यालय परिसर जस्ता ठाउँहरुमा व्यापक वृक्षारोपण सञ्चालन भई तिनको स्याहार संभार प्रभावकारी तुल्याउँदा शहरि क्षेत्रको हरियाली प्रवर्द्धनमा ठोस योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ ।

Scanned by CamScanner